श्री अकलादेवी सामुदायिक वन उपभोक्ता समूह
भरतपुर महानगरपालिका वडा नं. २९ , चितवन

# काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०४/१७ गते

श्री अकलादेवी सामुदायिक वन उपभोक्ता समूह भरतपुर महानगरपालिका वडा नं. २९ ,चितवन को सामुदायिक वनबाट नियमानुसार सङ्कलन गरी घाटगद्दीमा राखिएको निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। डिभिजन वन कार्यालयमा सूचिकृत तथा वन नियमावली २०७९ अनुसार योग्य इच्छुक स:मिल उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र सिलबन्दीको बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

तपसिलः

१. काठ उत्पादन आ.व.- २०८०/८१
२. लिलाम हुने वन पैदावारको विवरणः

लट नं. १

काठ

| सि.नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (घ.फि.) | न्यूनतम मुल्य | | संकलन खर्च | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दर(रू) | जम्मा | दर(रू) | जम्मा |
| १ | साल | गोलिया | A | ४ | ६४.७३ | १२५० | ८०९१२.५० | २१०.५ | १३६२५.६७ |
| २ | साल | गोलिया | B | २२ | १८८.६३ | ९०० | १६९७६७.०० | २१०.५ | ३९७०६.६२ |
| ३ | साल | गोलिया | C | २५ | ९८.९ | ६०० | ५९३४०.०० | २१०.५ | २०८१८.४५ |
| ४ | साल | गोलिया | D | १ | २.२१ | ३०० | ६६३.०० | २१०.५ | ४६५.२१ |
| ५ | अस्ना | गोलिया | B | ३ | २७.८७ | ३०० | ८३६१.०० | २१०.५ | ५८६६.६४ |
| ६ | अस्ना | गोलिया | C | ३ | १३.५३ | १०० | १३५३.०० | २१०.५ | २८४८.०७ |
| ७ | कर्मा | गोलिया | B | ५ | ४१.९३ | ३०० | १२५७९.०० | २१०.५ | ८८२६.२७ |
| ८ | कर्मा | गोलिया | C | १ | ४.१७ | १०० | ४१७.०० | २१०.५ | ८७७.७९ |
| | जम्मा | | | ६४ | ४४१.९७ | | ३३३३९२.५० | | ९३०३४.७२ |

दाउरा

| सि.नं. | जात | परिमाण(चट्टा) | न्यूनतम मुल्य | | संकलन खर्च | |
|---|---|---|---|---|---|---|
| | | | दर(रू) | जम्मा | दर(रू) | जम्मा |
| १ | साल | १ | १२००० | १२००० | १६९५० | १६९५० |
| २ | अन्य मिश्रित | ०.२५ | ४००० | १००० | १६९५० | ४२३८ |
| जम्मा | | १.२५ | | १३००० | | २११८८ |

३. बोलपत्र खरिद गर्न पाउने अन्तिम मिति र समयः २०८१/०५/०५ गते कार्यालय समयसम्म
४. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समयः २०८१/०५/०६ गते दिनको १:०० बजेसम्म
५. बोलपत्र खोलिने मिति र समयः २०८१/०५/०७, समयः दिउसो १:०० बजे
६. बोलपत्र फारामको मूल्यः प्रत्येक लटको रु. १०००/- (फिर्ता नहुने गरी)

Scanned with CamScanner

७. धरौटी रकमः बोलपत्रसाथ कबुल गरेको रकमको १०% ले हुन आउने रकम समूहको राष्ट्रिय बाणिज्य बैंक, भरतपुरको खाता नं. १३१०००४९८४०१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ।

८. लिलाम भाग लिन इच्छुक काठ/दाउरामा आधारित उद्योगका (वन नियमावली २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचीकृत भएको) प्रोप्राइटरले नेपाली नागरिकताको प्रतिलिपी, उद्योग दर्ता प्रमाणको प्रतिलिपी, स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणको प्रतिलिपी र कर चुक्ता प्रमाणको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

९. बोलपत्रमा सकार गरेको रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र स्वीकृत भएको उद्योगले बोलपत्र स्वीकृत भएको जानकारी पाएको पैंतालिस दिनभित्र सकार रकमका साथै अन्य बुझाउनु पर्ने सबै रकम बुझाई काठ/दाउरा उठाई लैजानु पर्नेछ ।

११. कार्यालय समयभित्र यस समूहको भवन वा डिभिजन वन कार्यालय चितवनबाट बोलपत्र खरिद गर्न सकिनेछ।

१२. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहीत रहनेछ।

Scanned with CamScanner